# चुरे उत्थानशील आयोजना

**(Building a Resilient Churia Region in Nepal-BRCRN)**

## परिचय

यो आयोजना हरित जलवायु कोष (Green Climate Fund-GCF) को आर्थिक सहयोगमा नेपाल सरकार तथा संयुक्त राष्ट्र संघ, खाद्य तथा कृषि सङ्गठन (FAO) बीच सन् २०२० मे ०३ मा सम्झौता भै वन तथा वातावरण मन्त्रालय र संयुक्त राष्ट्र संघ, खाद्य तथा कृषि सङ्गठनको संयुक्त प्रयासबाट नेपालको पूर्वी क्षेत्रमा चुरे क्षेत्रको उत्थानशीलताको लागि कार्यान्वयनमा रहेको आयोजना हो। यो आयोजना प्रदेश १, प्रदेश २ र बाग्मती प्रदेश अन्तर्गत चुरे क्षेत्रमा पर्ने २६ वटा नदी प्रणालीहरुमा कार्यान्वयन भइरहेको छ । यो आयोजना कार्यान्वयनका लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालय अन्तर्गत आयोजना ब्यवस्थापन इकाई रहेको छ। प्रदेशस्तरमा प्रदेश मन्त्रालय अन्तर्गत तीनवटा प्रदेश आयोजना ब्यवस्थापन इकाई स्थापनाको क्रममा रहेका छन् ।

यस आयोजनाले समुदायको बस्ती तथा पानीले ढाकेको क्षेत्र बाहेक करीब ७०२,०११ हेक्टर क्षेत्र ओगटेको छ ।जसमध्ये २२७,२७६ हे. वन क्षेत्र रहेको छ । आयोजनाको क्षेत्र मध्ये ९६,३११ हे बाढी प्रभावित क्षेत्र रहेको र करीब ७ लाख भन्दा बढी जनसंख्या बाढी प्रभावित रहेका छन् । करिब ७५० वटा समुदाय स्तरका संस्थाहरु परिचालन गरी कार्यान्वयन गरिने यस आयोजना हरित जलवायु कोषको सहायतामा कार्यान्वयनमा आएको यस प्रकारको आयोजना नेपालमा यो पहिलो हो ।

यस आयोजनाकालागि हरित जलवायु कोष (Green Climate Fund-GCF) ले ३ करोड ९३ लाख र नेपाल सरकारले ८० लाख चालिस हजार अमेरिकी डलर (जम्मा करिव ५ अरब ६० लाख नेपाली रुपैया) लगानी गरी आयोजना कार्यान्वयन गर्ने कार्यको शुरुवात भएको छ ।

## अवधि

**आयोजना प्रभावकारी मितिः** २०७७ साल बैशाख ३० गते (सन् २०२० मे १२ तारिख) ।

**अवधिः** आ.ब. ०७७/०७८ देखि ०८४/०८५ सम्म (सन् २०२० देखि २०२७ सम्म) सात बर्ष ।

**तयारी चरणः** आ.ब. ०७७/०७८ र ०७८/०७९ ।

यो आयोजना आ.व. ०७९/०८० देखि पूर्ण कार्यान्वयनमा आउनेछ ।

## लक्ष तथा उद्देश्य ( Goal and Objectives)

**लक्ष ( Overall Goal)**

एकिकृत दिगो प्राकृतिक श्रोत व्यवस्थापनको माध्यमबाट नेपालको चुरे क्षेत्रमा रहेका इकोसिष्टम र जोखिम समुदायको जलवायु उत्थानशीलताको अभिवृद्धि गर्ने ।

**उद्देश्य ( Objectives)**

दिगो प्राकृतिक स्रोतको व्यवस्थापनलाइ जलवायु उत्थानशील कसरी गराउन सकिन्छ त्यसको लागि निम्न बमोजिम उद्देश्यहरु राखिएको छ ।

१. जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापनलाई स्तरवृद्धि गर्ने ।

२. जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापनका लागि योजना तर्जुमा र सङ्गठनात्मक सुदृढिकरण गर्ने ।

३. जलवायु उत्थानशील दिगो प्राकृतिक श्रोत व्यवस्थापनका लागि ज्ञान, जागरण र स्थानीय क्षमता समुन्नत गर्ने ।

**कार्यान्वयन संरचना**

**केन्द्रः** नेतृत्व वन तथा वातावरण मन्त्रालय

आयोजना निर्देशक समितिः अध्यक्ष सचिव वन तथा वातावरण मन्त्रालय (सदस्यहरु विभिन्न मन्त्रालय, विभाग, राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति, विकास साझेदार संयुक्त राष्ट्रसंघ, खाद्य तथा कृषि सङ्गठन, संस्था, सञ्जालहरु (वन समूह, आदिवासी जनजाती, महिला, आदि) सहितको बहुसरोकारवाला र प्रदेशमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय आदी)

**प्रदेश स्तरः** प्रदेशस्तरीय आयोजना समन्वय समितिः अध्यक्ष सचिव वन क्षेत्र हेर्ने सम्बन्धित मन्त्रालय ।

**स्थानीय स्तरः** समुदायमा आधारित वन तथा कृषि समिति ( नदी प्रणाली तह)

**आयोजना व्यवस्थापन इकाइहरु (Project Management Units)**

**केन्द्रः** आयोजना व्यवस्थापन इकाई (Project Management Unit-PMU)-१ बबरमहल काठमाडौ ।

**प्रदेशः** प्रदेश स्तरीय आयोजना व्यवस्थापन इकाई (Provincial Project Management Unit-PPMU)–३ सुनसरी, महोत्तरी तथा सिन्धुली।

**संयुक्त राष्ट्र** सङ्घ**, खाद्य तथा कृषि सङ्गठन प्राविधिक सहायता ( FAO Technical Assistance)**

केन्द्र तथा प्रदेशः आयोजना व्यवस्थापन इकाई तथा प्राविधिक सहायता टोली ।

**कार्य क्षेत्र**

यो आयोजनाको कार्यक्षेत्र प्रदेश १, प्रदेश २ र बाग्मती प्रदेश गरि ३ वटा प्रदेशका चुरे क्षेत्रमा पर्ने २६ बटा नदी प्रणालीलाई समेटेर कार्यान्वयन हुनेछ । यसले १२१ वटा पालिकामा काम गर्ने लक्ष्य

राखेको छ । विशेष गरी पूर्व पश्चिम राजमार्ग देखि उत्तरको क्षेत्र चुरेको माथिल्लो तटमा धेरै क्रियाकलापहरु केन्द्रित रहनेछ ।

**तालिका नं १. नदी प्रणालीहरु**

| प्रदेश | जिल्लाहरु | नदी प्रणालीहरु |
|---|---|---|
| प्रदेश १ | इलाम तथा झापा | कनकाई नदी, रतुवा नदी, बिरिङ खोला, मेची खोला, बक्राहा खोला (५ नदी प्रणालीहरु) |
| | मोरङ | लोहन्द्रा (१ नदी प्रणाली) |
| | सुनसरी | कोकाहा, पटनाली, बुढी (३ नदी प्रणालीहरु) |
| | उदयपुर | गिदेरी खोला, सुनकोशी, अँधेरी बरूवा द्वार खोला, बगाहा खोला (४ नदी प्रणालीहरु) |
| प्रदेश २ | सप्तरी | बिहुल नदी, खाडो खोला (२ नदी प्रणालीहरु) |
| | सिराहा | बलान खोला (१ नदी प्रणाली) |
| | धनुषा | चारनाथ, कमला बेलसोत जोगिया (२ नदी प्रणालीहरु) |
| | महोत्तरी | रातु नदी (१ नदी प्रणाली) |
| | सर्लाही | लखन्देही खोला (१ नदी प्रणाली) |
| बाग्मती प्रदेश | सिन्धुली | ठाकुर खोला, चडाहा खोला, कमला उत्तर, कमला दक्षिण, तावा उत्तर,तावा दक्षिण (६ नदी प्रणालीहरु) |

## स्थानीय तहमा सहयोगी निकाय तथा संस्थाहरु

यस आयोजनाले राखेको उद्देश्य तथा लक्ष्यहरुको प्राप्तिका लागि समुदायमा आधारित संस्थाहरुसँग (सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन समूह, साझेदारी वन समूह, भू-तथा जलाधार संरक्षण समूह आदि) मिलेर कार्यक्रमहरु कार्यान्वयन गर्ने रणनीति रहेको छ । आयोजनाबाट कम्तिमा ७५० समुदायमा आधारित संस्थाहरु लाभान्वित हुने अपेक्षा गरिएको छ। नदी प्रणालीका क्षेत्रहरुमा रहेका सामुदायिक संस्थाहरुबाट नै अधिकांश क्रियाकलापहरुका कार्यान्वयन गर्ने प्रावधान रहेको छ।

**तालिका नं २. सहयोगी निकाय तथा संस्थाहरु**

| क्र.सं. | संस्था | संख्या | घरधुरी |
|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समूह | ५५७ (७४.२६ प्रतिशत) | १००,२६० |
| २ | साझेदारी वन उपभोक्ता समूह | ३ (०.४ प्रतिशत) | ९६,६८१ |
| ३ | कृषक समूह तथा भूसंरक्षण उपभोक्ता समूह | ५० (६.६६ प्रतिशत) | २००० |
| ४ | सार्वजनिक जग्गा वन उपभोक्ता समूह | १०० (१३.३३ प्रतिशत) | १५०० |

| | | | |
|---|---|---|---|
| ५ | कवुलियती वन उपभोक्ता समूह | ४० (५.३३ प्रतिशत) | २४० |
| | जम्मा | ७५० (१०० प्रतिशत) | २००,६८१ |

यस बाहेक जिल्लाहरुमा रहेका प्रदेश स्तरका वन क्षेत्र तथा कृषि क्षेत्रका कार्यालयहरुको भूमिका तथा प्राविधिक सहयोग यस आयोजनाको लागि मुख्य ज्ञान तथा प्रविधिको स्रोत रहेको छ । धेरै प्राविधिक ज्ञानको आवश्यक पर्ने नर्सरी लगायतका क्रियाकलापहरुको व्यवस्थापन समबन्धित निकायहरुबाट गर्न सकिने प्रावधान रहेको छ ।

**स्थानीय तहहरुको भूमिका**

यसै गरी यस आयोजनाको सफलता स्थानीय तहहरु, नगरपालिका तथा गाँउपालिकाहरु एवं सम्बन्धित वडाहरुसँगको सहकार्य तथा समन्वयलाई सार्थक बनाँउदा मात्र सम्भव छ । अतः संवेदनशिल इकोसिष्टम पुनर्स्थापना योजना तयारीको पूर्व चरण देखि कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनमा स्थानीय तहहरुको पदाधिकारीहरुसँगको सहकार्य अपरिहार्य रहेको हुँदा यसै अनुरुप यस आयोजनाको व्यवस्थापन इकाईहरुले समन्वय गरेर कार्यक्रम अगाडी बढाउनेछ ।

**प्रमुख क्रियाकलापहरु**

चुरे क्षेत्रको भू–परिधि स्तरमा नदी प्रणालीमा आधारित भएर **संवेदनशिल इकोसिष्टम पुनर्स्थापना योजना (Critical Ecosystem Restoration Plan-CERP)** तयार गरी आयोजना कार्यान्वयन गरिनेछ । यस योजना तयार गर्दा भू–उपयोग प्रणालीलाई पनि समेटिने छ । अतयवः २६ वटा नदी प्रणालीले ओगटने क्षेत्रमा कृषकहरुले अवलम्बन गरेको कृषि तथा वन इकोसिष्टमलाई सुधार गरी समग्र इकोसिष्टमको उत्पादकत्व बढाइ दिगो व्यवस्थापनलाई सुदृढ गर्ने क्रियाकलापहरु कार्यान्वयन गर्ने गरी आयोजना दस्तावेज तयार गरिएको छ ।

**क. समुदायमा आधारित संस्थाहरु पहिचान, दर्ता तथा सवलिकरण**

- सामुदायिक संस्थाहरु, उपभोक्ता समूहहरु, निजि वन धनीहरु तथा कृषकहरुको सहभागितामा गोष्ठी तथा अन्तरक्रिया ।
- सामुदायिक संस्थाहरु संघिय वा प्रादेशिक कानुन अनुसार सम्बन्धित निकायमा दर्ता ।
- वन उपभोक्ता समूहहरु तथा निजि वन धनीहरुको सञ्जालका लागि व्यवस्थापकीय सहयोग ।
- स्थानीय श्रोत व्यक्तिहरुलाई प्रशिक्षक प्रशिक्षण तालिम ।
- जलवायु उत्थानशीलताका लागि दिगो प्राकृतिक श्रोत व्यवस्थापनको मूलप्रवाहिकरण समावेस गरी सामुदायिक संस्थाको व्यवस्थापन योजना तयारी ।

**ख. सम्वेदनशिल इकोसिष्टमपुनर्स्थापना योजना तयार**

- सम्बेदनशिल इकोसिष्टम नक्साङ्कनका लागि जि.आइ.एस.का उपयुक्त तरिकाहरु सम्बन्धि तालिम ।
- नदी प्रणाली स्तरमा इकोसिष्टम पुनर्स्थापना योजना सम्बन्धी परामर्स कार्यक्रम ।
- स्थानीय स्तरमा इकोसिष्टम पुनर्स्थापना योजना सम्बन्धी परामर्स कार्यक्रम ।
- प्रदेश स्तरको जलवायु परिवर्तन कारणले हुन सक्ने जोखिम तथा गम्भिर विपद व्यवस्थापन योजना तयार ।
- जोखिम व्यवस्थापन योजनाको अनुमोदनकालागि बहुसरोकारवाला गोष्ठीको आयोजना ।
- इकोसिष्टम पुनर्स्थापना योजनाको तयारी र सम्बन्धित निकायबाट मान्यता प्राप्त ।
- इकोसिष्टम पुनर्स्थापना योजनालाई मान्यता सुनिश्चित गर्नकालागि राष्ट्रिय र प्रादेशिक स्तरमा गोष्ठीहरु सञ्चालन ।

**ग. भू–उपयोग तथा व्यवस्थापन सुदृढीकरण**

- जलवायु परिवर्तन उत्थानशीलताका लागि भू–उपयोग तथा व्यवस्थापन सम्बन्धि तालिम ।

**घ. दिगो बृक्षरोपण तथा व्यवस्थापन**

- वन कार्ययोजना तयारी तथा सुधार सहित नविकरण ।
- प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन, वनसँग सम्बन्धित सामुदायिक संस्थाका सदस्य साथै किसानहरुका लागि तालिम सञ्चालन ।
- बहुउद्देश्यीय नर्सरी स्थापना र सञ्चालन ।
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा अन्तरगतका कर्मचारीहरुलाई दिगो बृक्षरोपण व्यवस्थापन सम्बन्धि तालिम सञ्चालन ।
- प्रदर्शन, नदी किनार, सार्वजनिक जग्गा तथा साना किसानहरुको निजी जग्गामा बृक्षरोपण ।

**ङ. वन पुनर्स्थापना तथा पुनरुत्पादन व्यवस्थापन**

- प्रदेशका फिल्डमा काम गर्ने कर्मचारीहरुलाई वन पुनर्स्थापना सम्बन्धि तालिम सञ्चालन ।
- उपयुक्त सामुदायिक संस्थाहरुकालागि वन पुनर्स्थापना सम्बन्धि तालिम सञ्चालन ।
- पुनरुत्पादन व्यवस्थापन विधी उपचार (वन सम्ब4{न प्रणाली) सहितको कार्यान्वयन योजना (स्थानीय परिस्थिती अनुसार) तयारी ।
- समुदायद्वारा व्यवस्थित वनको पुनरुत्पादन व्यवस्थापन ।

**च. जलवायू समानुकूलित/उत्थानशील कृषि प्रणाली व्यवस्थापन (Climate Resilient Agriculture System Management)**

- कृषक पाठशाला स्थापना र सञ्चालन एवं किसानहरुका लागि तालिम र कृषि सामग्री उपलव्ध ।
- कृषि–वन प्रणाली र व्यवस्थित पशुपालन सम्बन्धी आयोजनाद्वारा प्रवर्द्धन गरिएका अभ्यासहरुको अनुसरण गर्दै साना निजि वन नर्सरी स्थापना ।

- चुरे पहाड क्षेत्रका गल्छी नियन्त्रणका लागि उपयुक्त संरचना निर्माण र अभ्यासहरु सञ्चालन ।
- स–साना छेकबाँध साथै संरक्षण पोखरीहरुको व्यवस्थापन ।

## छ. सञ्चार तथा ज्ञान व्यवस्थापन ( Knowledge and Communication Management)

- स्थानीय स्तरमा अन्तरक्रिया तथा सूचना तथा सञ्चार योजना तयार एवं तालिम मोड्युल तयारी र कार्यान्वयन ।
- स्थानीय र परम्परागत ज्ञानको सार संक्षेप तथा राम्रा अभ्यास मार्गदर्शन तयार ।
- माध्यमिक विद्यालयका लागि पाठ्यक्रम तयारीको साथै विद्यार्थीहरुद्वारा सञ्चालन हुने इकोक्लव स्थापना सञ्चालन र विद्यालयमा सत्र सञ्चालनमा सहयोग ।
- स्थानीय स्तरमा कार्यक्रम प्रसार तथा भ्रमण कार्यक्रमहरु ।
- प्रदेश स्तरमा चुरे ज्ञान केन्द्रको (Churia Knowledge Centre-CKC) स्थापना तथा परिचालन ।

## अपेक्षित उपलब्धी

यस आयोजनाका क्रियाकलापहरू सञ्चालन गरी निम्न अनुसारका दीर्घकालीन उपलव्धीहरू प्राप्तहुने अपेक्षा राखिएको छ । सम्बेदनशिल इकोसिष्टम पुनर्स्थापना योजनाको तयारी गर्दा प्राप्त सुझाव, नदी प्रणालीको विस्तृत अध्ययन, स्थानीय परिस्थिति आदिका आधारमा परिवर्तन हुन गएमा उपलब्धीहरुमा केही परिमार्जन हुने संभावना पनि रहेको छ ।

**तालिका नं ३. नतिजा सूचकको विवरण**

| नतिजा सूचकहरु | एकाइ | परिमाण |
|---|---|---|
| **१. इकोसिष्टम पुनर्स्थापना योजना तयार** | नदी प्रणाली | २६ |
| **२. गल्छी नियन्त्रण तथा संरक्षण पोखरी व्यवस्थापन** | स्थान | २१५ |
| **३. बृक्षरोपण, संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन** | हेक्टर | ३७,६७२ |
| **४. वन इकोसिष्टमको दिगो व्यवस्थापन** | हेक्टर | १४८,९९८ |
| **५. कृषक पाठशाला स्थापना र संचालन** | वटा | १२० |
| **६. जलवायु उत्थानशील कृषि प्रणाली व्यवस्थापन** | हेक्टर | ४८,७७२ |
| **७. जलवायु उत्थानशील क्षमता अभिवृद्धि** | संस्था | ७५० |
| **८. चुरे ज्ञान केन्द्र स्थापना तथा सञ्चालन** | वटा | ३ |
| **९. कृषि वन र अन्य भूउपयोगबाट हुने कार्बन उत्सर्जन घट्ने (२० वर्षमा )** | mt$CO_2$ eq | ११.४८ |
| **१०. कृषि वन र अन्य भूउपयोगबाट हुने कार्बन उत्सर्जन घट्ने (७ वर्षमा )** | t$CO_2$ eq | २३,६६,४८५ |

| | | |
|---|---|---|
| **११. संवेदनशिल इकोसिष्टमको पुनर्स्थापना** | हेक्टर | २,०६२२७ |
| **१२. समुदायको उत्थानशील क्षमतामा अभिवृद्धि**<br>**क) प्रत्यक्ष** | घरधुरी/जनसंख्या | २,००६८१/९,६३,२६८ |
| **ख) अप्रत्क्ष** | जनसंख्या | २२,५२,९८० |
| **कूल लाभान्वित** | जनसंख्या | ३२,१६,२४८ |

**आयोजनाको लक्षित प्रतिफल प्राप्त गर्न अवलम्वन गर्नु पर्ने अन्तरसम्बन्धित योजना तथा मानकहरु**

आयोजनाले जलवायु परिवर्तन उत्थानशीलताका लागि काम गर्ने र यसलाई अझ वातावरणमैत्री र समावेशीताका लागि वातावरणीय र सामाजिक पक्षलाई दिगो र सुरक्षित रुपमा अगाडी बढाउन आयोजनाका सबै क्रियाकलापमा समेटन पर्ने नीतिहरु (Cross Cutting themes) वातावरणीय तथा सामाजिक व्यवस्थापन साथै सामाजिक समवेशीकरण व्यवस्थापन योजना अन्तगर्त लैङ्गिक कार्ययोजना (Gender Action Plan-GAP), आदिवासी जनजाती योजनाका (Indigenous People Plan-IPP) आधारमा काम गर्ने रणनीति रहेको छ ।

क) **वातावरणीय तथा सामाजिक व्यवस्थापन मापदण्ड (Environmental and Social Standard - ESS)**

आयोजनाको कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक दुवै पक्षमा पर्ने सकारात्मक पक्षहरुलाई बढावा दिदै नकारात्मक पक्षहरुको न्यूनिकरण गर्नकालागि विभिन्न पक्षहरुलाई मध्यनजर राखि क्रियाकलापहरु सञ्चालन हुनेछन् । जसकालागि संयुक्त राष्ट्र सङ्घ खाद्य तथा कृषि सङ्गठनको (FAO) वातावरणीय र सामाजिक मापदण्ड (Environmental and Social Standard - ESS) का आधारमा हेरिने छ । यो कार्यक्रम आफैमा वातावरण तथा सामाजिकमैत्री भएतापनि कार्यान्वयनका क्रममा हुन सक्ने प्रतिकूल प्रभावहरुलाई न्यूनिकरणका उपायहरु अवलम्वन गरिने छ । प्राकृतिक श्रोत व्यवस्थापन, जैविक विविधता, इकोसिष्टम, प्राकृतिक वासस्थान व्यवस्थापन, कृषि र खाद्यका लागि वनस्पतीको आनुवंशिक स्रोत संरक्षण, पशुकिट तथा किटनाशक पदार्थको व्यवस्थापन, अस्वैच्छिक वसोवास व्यवस्थापन, सम्मानित रोजगारी, लैङ्गिक समता र आदिवासी जनजातीको संस्कृती संरक्षण यसका मानक रहेका छन् ।

वातावरणीय तथा सामाजिक व्यवस्थापनको प्रभावकारिताका लागि अनुगमन तथा प्रतिवेदनः (Monitoring and Reporting), वातावरणीय र सामाजिक जाँच र मूल्याङ्कन (Environmental and Social Screening and Assessment), कर्मचारीहरूको क्षमता अभिवृद्धि (Capacity

Building of Project Staff) तथा सरोकारवालाहरूको संलग्नता/सहभागितामा (Stakeholder Engagement) बिशेष ध्यान दिइने छ ।

## ख) लैङ्गिक कार्ययोजना (Gender Action Plan-GAP)

आयोजनामा लैङ्गिक पक्षमा हुन सक्ने जोखिम न्यूनिकरण साथै मूलप्रवाहिकरणका लागि लैङ्गिक कार्ययोजना तयार गरिएको छ । यो कार्ययोजनाले मूलतः आयोजना कार्यान्वयन तहमा लैङ्गिक सहभागिता प्रभावकारी वनाउन क्षमता अभिवृद्धिमा जोड दिएको छ । विभिन्न सामाजिक सांस्कृतिक पृष्ठभूमिका महिलाहरु (जनजाती, दलित र सीमान्तकृत) तालिम, गोष्ठी, कृषक पाठशाला, लगायत समानुकूलनका लागि प्राकृतिक स्रोत व्यवस्थापनका लागि हुने क्रियाकलापहरुमा समान सहभागिता, विभिन्न लाभप्रतिफलमा पहुँच , लैङ्गिक सम्वेदनशिलतामा ध्यान दिँदै लैङ्गिक समावेशि, क्षमता तथा नेतृत्व विकासमा सहयोग, नीति निर्माणतहदेखि कार्यान्वयन तह सबै संरचनाहरुमा लैङ्गिक जिम्मेवार व्यक्ति (Gender Focal Person) रहने व्यवस्था, लैङ्गिक सवालको न्यूनिकरणका साथै महिला सहभागितामा अभिवृद्धि, लैङ्गिक क्रियाकलाप सम्बन्धि अभिलेखहरु चुरे ज्ञान केन्द्रमा रहने, महिला सञ्जालमा सक्रिय प्रशिक्षक तथा सहजकर्ताहरुको विकास तथा परिचालन हुने जस्ता योजनाहरु समावेस गरिएको छ ।

## ग) आदिवासी जनजाती योजना (Indigenous People Plan-IPP)

आयोजना क्षेत्रमा आदिवासी जनजाती, दलित तथा सिमान्तकृत समुदायको बाहुल्यता रहेको र यस्ता समुदायको प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका संस्कृति, परम्परा, ज्ञान, सीप र अधिकारलाई सम्मान र सदुपयोग गर्दै जलवायु परिवर्तन समानुकूलन प्रक्रियालाई अझ प्रभावकारी बनाउन आयोजनाले सामाजिक समावेशिकरण तथा आदिवासी जनजाती योजना तयार गरेको छ । यसमा स्थानीय महत्वपूर्ण इकोसिष्टमको पहिचान र प्रवर्धनमा, वैकल्पिक भू–उपयोग सम्बन्धि क्रियाकलापको योजना बनाउँदा, आदिवासी जनजाती, दलित तथा सिमान्तकृत समुदायमा रहेका ज्ञान, सीप र अनुभवको सम्मान, सम्मति र प्राथमिकताकासाथ सदुपयोग, स्थानीय भाषा संस्कृतिको ज्ञान भएका स्थानीय सहजकर्ताहरुको परिचालन, जलवायु परिवर्तन उत्थानशीलता आदि सम्बन्धि सचेतना, तालिम तथा गोष्ठीहरु सञ्चालन गर्दा आदिवासी जनजाती, दलित तथा सिमान्तकृत समुदायलाई प्राथमिकता, तथा नेतृत्व विकासकालागि क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरु रहेका छन् ।

**चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनको लागि सबै जुटौं**
**जे गर्न सकिन्छ त्यँहीबाट चेतनाको लागि सबै उठौं ।**

**वन रहे चुरे, चुरे रहे जीवन ।**

<table>
<tr>
<td></td>
<td>नेपाल सरकार<br>वन तथा वातावरण मन्त्रालय<br>चुरे उत्थानशील आयोजना<br>कार्यक्रम कार्यान्वयन इकाई<br>बवरमहल</td>
<td>सम्पर्क तथा जानकारीको लागि<br>इमेल brcrn.nepal@brcrn.gov.np<br>वेभसाइटः brcrn.gov.np<br>टेलिफोन न ०१ ४२४१४८७<br>प्रदेशस्तरका आयोजना व्यवस्थापन इकाईहरु<br>सिन्धुली, बर्दिबास तथा इटहरी ।</td>
<td></td>
</tr>
<tr>
<td colspan="4">तयार गर्ने टोलीः पशुपति नाथ कोइरला, राष्ट्रिय आयोजना निर्देशक सहयोगीहरुः सुशील भण्डारी तथा राज कुमार गुप्ता उपसचिव, ठाकूर प्रसाद मग्राती तथा अमर अधिकारी सहायक भूसंरक्षण अधिकृत । विश्व खाद्य कृषि सङ्गठन प्राविधिक सहायता टोलीबाट राष्ट्रिय आयोजना प्रवन्धक वलराम कंडेल, अनुगमन तथा मूल्याङ्कन विज्ञ गणेश यादव । विज्ञ सहयोगी गोपाल काफ्ले ।</td>
</tr>
</table>